नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४४३

मिति:२०८२/०३/२०

नेपाल संवत् ११४५

विषय: निर्णय सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

संघीय संसद, प्रतिनिधि सभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको च.नं. २५९, मिति २०८२/०३/१८ को पत्र मार्फत **"प्राकृतिक प्रकोपबाट क्षतिको सहि पहिचान गरी उद्धार तथा राहत वितरण कार्यमा पीडित व्यक्ति प्रत्यक्ष लाभान्वित हुने गरी वितरण प्रणालीमा एकद्वार नीति लागू गर्न र राहत तत्काल उपलब्ध हुने गरी आवश्यक प्रबन्ध मिलाउन"** भनी लेखि आएको पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.....३/२०....

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थ:

श्री संघीय संसद, प्रतिनिधि सभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखा:-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

संघीय संसद

प्रतिनिधि सभा

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति

प.सं. २०८१/८२
च.नं. २५९

संघीय संसद सचिवालय,
सिंहदरबार, काठमाडौं ।

मिति: २०८२/०३/१८

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय: निर्णय सम्बन्धमा।

प्रस्तुत विषयमा यस समितिको मिति २०८२/०३/१२ गतेको बैठकमा नेपालमा मनसुनको अवधिमा विगतका वर्षहरुमा बाढी, पहिरो, डुबान जस्ता विपद्जन्य घटनाबाट ठुलो जनधनको क्षति भएको तथा हजारौं मानिसहरु प्रभावित हुने गरेकाले यस वर्षको मनसुनबाट प्रभावित क्षेत्रमा बसोबास गर्ने मानिहरुको सुरक्षा तथा अप्रत्यासित घटनाहरुको समयमै उद्धार गरी क्षतिको न्यूनीकरण गर्ने सम्बन्धमा गृह, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सबै सुरक्षा निकायका प्रमुखहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग लगायत सरोकारवाला विज्ञहरुसँग छलफल भएको थियो। छलफलपछि समितिले देहाय बमोजिम निर्देशन गर्ने निर्णय गरेकोले कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु।

१. *प्राकृतिक प्रकोपबाट क्षतिको सहि पहिचान गरी उद्धार तथा राहत वितरण कार्यमा पीडित व्यक्ति प्रत्यक्ष लाभान्वित हुने गरी वितरण प्रणालीमा एकद्वार नीति लागु गर्न र राहत तत्काल उपलब्ध हुने गरी आवश्यक प्रबन्ध मिलाउन गृह, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यसको लागि आवश्यक बजेट प्रबन्ध मिलाउन अर्थ मन्त्रालयलाई निर्देशन गर्ने।*

श्री योजना महाशाखा/
श्री संघीय मामिला महाशाखा
२०८२/३/१९

२०८२/३/१८
(शिवदत्त बराल)
समिति सचिव

श्री स्थानीय त.स. शाखा
सबै स्थानीय तहलाई जानकारी गराउने।
२०८२/३/२०

☎ ९७७-१४२०००७०,९७७-१४२०००६२, email: coach@parliament.gov.np, web: www.parliament.gov.np